आज मिति २०७५/०९ /०४ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्युको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको २७ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीकारीहरुको उपस्थिति रही देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थिति

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख

श्री कमला बस्नेत .......................नगर उप प्रमुख

श्री रामकृष्ण उप्रेती ........................(.प्र. प्र.अ.) सचिव

श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १

श्री विराजमान श्रेष्ठ .................. वडा अध्यक्ष भी.न.पा. २

श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३

श्री हरिवंश चौलागाई ................ वडा अध्यक्ष भी.न.पा. ४

श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा ................ वडा अध्यक्ष भी.न.पा. ६

श्री कैलाश कुमार श्रेष्ठ .............. वडा अध्यक्ष भी.न.पा. ७

श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८

श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९

श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य

श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,

श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल ................. कार्यपालिका सदस्य,

श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,

श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ ......................... कार्यपालिका सदस्य,

श्री किरण वली..................... . कार्यपालिका सदस्य,

कार्यपालिकाको २७ औ बैठकका प्रस्ताबहरु

. सामुदायिक बिद्यालयको आर्थिक कार्यविधि सम्बन्धी नियमावली २०७५ सम्बन्धमा
. राजश्व असुली सम्बन्धमा
. साविक सुस्पाक्षेमावती ग.वि.स. भवन (हाल १ नं वडा कार्यालय भवन ) को बाकि रकम भुक्तानी सम्बन्धमा
. भी.न.पा. ८ को गुम्बा निर्माण सम्बन्धमा
. फोटो प्रदर्शनीको ( Fritz Berger ) रकम भुक्तानी सम्बन्धमा
. खर्च अनुमोदन सम्बन्धमा
. प्रथम चौमासिक आय व्यय सम्बन्धमा
. वार्ड नं ६ र २ मा योजना शीर्षक परिवर्तन सम्बन्धमा
. बिधेयक ( ऐन नियम मस्यौदा समिति गठन सम्बन्धमा
. Night Vision हेलिप्याड स्थल छनौट सम्बन्धमा
. हिउदे अधिबेशनको मिति तोक्ने सम्बन्धमा
. नगरपालिका स्थापना दिवस मनाउने सम्बन्धमा
. A /C जडान सम्बन्धमा
. शहरी स्वास्थ्य केन्द्र भवन निर्माण तथा मर्मत सम्बन्धमा
. बाह्य खोप केन्द्र भवन निर्माण सम्बन्धमा
. किवी तथा अलैची बिस्तार कार्यक्रम सम्बन्धमा
. राजस्वको Software जडान सम्बन्धमा
. विविध

निर्णय नं १ : प्रस्ताब नं १ माथि छलफल गर्दा सामुदायिक बिद्यालयको आर्थिक कार्यविधि नियमावली २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २: प्रस्ताब नं २ माथि छलफल गर्दा यस नगरपालिकाको राजश्व परामर्श समितिले सिफारिस गरेका आ.व. ०७५/७६/ को बाकी अवधिका लागि देहायका राजस्वका न्यूनतम दरहरु स्वीकृत गरि ठेक्का बन्दोबस्त गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

तपशिल

(क ) दोलखा -- नागदह सडक पटके कर रु ५०,०००/ (पचास हजार मात्र )
(ख ) घ्यवापानी ---- शेरा सडक पटके कर रु २५,०००/ (पचिस हजार मात्र )
( ग ) कवाडी कर रु १५०,०००/ ( एकलाख पचास हजार मात्र )

निर्णय नं : ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा साविक सुस्पाक्षेमावती ग.वि.स. भवन (हाल १ नं वडा कार्यालय भवन ) को बाकि रकम रु ९४७४७१ / काम भएको एकिन जाच गराई विनियोजन ऐन २०७५ को अनुसूची ३ क्र.स.१९ वडा कार्यालय भवन निर्माण तथा घडेरी ब्यबस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं . ४ प्रस्ताब नं ४ माथि छलफल गर्दा यस नगरपालिका वडा ८ स्थित लप्चे गुम्बा निर्माणको लागि बिनियोजन ऐन २०७५को अनुसूची ६ को क्र.स. ९६ बौद्ध सस्कृति तथा गुम्बा ब्यबस्थापन शीर्षकबाट रु ४,००,०००/ (चारलाख मात्र) उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं . ५ प्रस्ताब नं ५ माथि छलफल गर्दा दोलखा जिल्लाको सदरमुकाम चरिकोटमा मिति २०७५/०८/०६-०८ गते सम्म दोलखा मिडिया प्रालिको संयोजनमा स्विस फोटोग्राफर Fritz Berger द्वारा सन् १९७० देखि २०११ सम्म दोलखाका बिभिन्न स्थानमा खिचिएका फोटोहरुको प्रदर्शनी गरी उक्त फोटोहरु यस नगरपालिकालाई सौजन्य स्वरूप उपलब्ध गराईएकोमा सधन्यवाद, दोलखा मिडिया प्रा.

लि. लाई रु ५०,०००/ (पचास हजार मात्र ) संघ सस्था समन्वय तथा नियमन कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं . ६ प्रस्ताव नं ६ माथि छलफल गर्दा देहाय बमोजिमका खर्च अनुमोदन गर्ने निर्णय गरियो ।
(क ) रिनेजम नेपाल नामक सस्थाले यस नगरपालिकाको टुडिखेलमा प्रकाश स्मृति कप फूटबल खेल संचालन गरेकोले उक्त सस्थालाई मिति २०७५/०८/०७ मा आन्तरीक आयको अन्य सामाजिक सहायता शीर्षकबाट भुक्तानी दिएको रु ५०,०००/ (पचास हजार )
(ख ) योजना शाखाको चेम्बर निर्माणको लागि मर्मत सम्भार कोषबाट भएको भुक्तानी रु ५७,२३५ / ( सन्ताउन्न हजार दुइसय पैतिस )
(ग ) दर्ता चलानी काउन्टर निर्माणको लागि मर्मत सम्भार कोषबाट भएको भुक्तानी रु १८९२७५/( एकलाख उनान्नब्बे हजार दुइसय पचहत्तर )
(घ ) जात्रा पर्वको सडकबत्ति जडान ( भी.न.पा.२ )को लागि थपहुनेआय शीर्षकबाट भुक्तानि भएको रु ४५,०००/ पैतालिस हजार)

निर्णय नं . ७ प्रस्ताव नं ७ माथि छलफल गर्दा यस नगरपालिकाको प्रथम चौमासिक आम्दानि तथा खर्चको बिस्तृत रुपमा छलफल गरि प्रगति समीक्षा गरियो ।

निर्णय नं . ८ प्रस्ताव नं ८ माथि छलफल गर्दा विनियोजन ऐन ०७५/७६ मा वडा नं. ६ र २ मा कार्यान्वयन गर्ने देहाएका योजना देहाए बमोजिम परिवर्तन गरिदिन वडा नं. ६ र २ बाट सिफारिस सहित अनुरोध भई आएकोले नगर सभा बाट अनुमोदन हुनेगरी, सोहि बमोजिम योजना परिवर्तन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।
तपशिल

| क्र.स. | साबिक योजनाको नाम | वार्ड नं . | परिवर्तन गरिएको योजनाको नाम |
|---|---|---|---|
| १ | दलीत महिला तथा युवास्वरोजगार लक्षित कार्यक्रम रु ४,००,०००/ | ६ | (क ) शंखधर साख्वा चोक सुधार निर्माण रु २,००,०००/<br>(ख) मुलखर्क खेलमैदान निर्माण रु १,००,०००/<br>(ग) मूलखर्क किवी फर्म सिचाई रु १,००,०००/ |
| २ | तिखातल खानेपानी तथा सिचाई योजना रु ४,००,०००/ | २ | राम्दिलो नारायणदेउ बाटो बिस्तार योजना रु ४,००,०००/ |
| | पुस्तकालय सामाग्री खरिद योजना रु ३,००,०००/ | २ | पुस्तकालय भवन निर्माण योजना रु ३,००,०००/ |

निर्णय नं . ९ प्रस्ताव नं ९ माथि छलफल गर्दा यस नगरपालिकालाई आवश्यक पर्ने ऐन नियमहरुको मस्यौदा तयार गर्नको लागि देहाए बमोजिमको विधेयक मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।
तपशिल
श्री नबिन लामा ..वार्ड नं ६ अध्यक्ष ................संयोजक
श्री विराजमान श्रेष्ठ ... वार्ड नं २ अध्यक्ष ............. सदस्य
श्री जमुना श्रेष्ठ ... कार्यपालिका सदस्य .......... सदस्य
श्री कृष्ण बहादुर बस्नेत ...कानुनि सल्लाहकार .....सदस्य
श्री जगदीश अर्याल ....ब.आ.ले.प. अ . .......... ...सदस्य सचिब

निर्णय नं . १०:  प्रस्ताव नं १०  माथि छलफल गर्दा  नेपाल सरकारले   आपतकालीन उद्धारका लागि स्थानीय तहको प्रत्येक वडामा एक / एक  वटा हेलिप्याडको ब्यबस्था गर्नुपर्ने परिपत्रको सन्दर्भमा यस नगरपालिकामा हालसम्म पनि ब्यबस्थित हेलिप्याड नभएकोले खोर्थली सामुदायिक वन उपभोक्ता समितिसंग समन्वय गरी उपयुक्त स्थानमा Night Vision सहितको हेलिप्याड निर्माण  स्थल छनौट गरी ब्यबस्थापन  गर्ने निर्णय गरियो ।

निर्णय नं . ११ :  प्रस्ताव नं ११  माथि छलफल गर्दा यस नगरपालिकाको  चौथो नगर सभा २०७५/०९/३० गते दिनको ११ :३० बजे जिल्ला समन्वय समितिको हलमा आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं . १२ :  प्रस्ताव नं १२ माथि छलफल गर्दा  मिति २०७५ साल माघ ११ गतेका  दिन  यस नगरपालिकाको स्थापना दिवस विभिन्न रचनात्मक कार्यक्रम सहित मनाउन यस नगरपालिकाका नगर प्रमुख श्री भारत बहादुर के.सी. ज्यूको  संयोजकत्वमा उप प्रमुख,वडा अध्यक्ष , कार्यपालिका सदस्य, नगर सभा  सदस्य तथा सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत रहनेगरी ४९ सदसीय समिति गठन गर्ने निर्णय गरियो  ।

निर्णय नं . १३ :  प्रस्ताव नं १३ माथि छलफल गर्दा यस नगरपालिकाको प्रमुख प्रशासकीय भवनको ३ वटा कोठामा वातावरण अनुकुलन मेशिन (AC)आन्तरीक आयमा थपहुने श्रोतबाट जडान गर्ने निर्णय गरियो ।

निर्णय नं . १४ :  प्रस्ताव नं १४ माथि छलफल गर्दा शहरी स्वास्थ्य केन्द्र निर्माण शिर्षकमा विनियोजित रकमबाट आव ०७५/७६ मा देहाएका स्वास्थ्य केन्द्र निर्माण सुधार गर्ने निर्णय गरियो ।
तपशिल

- शहरी स्वास्थ्य केन्द्र वार्ड नं १ सुस्पाक्षमावती निर्माण सम्पन्न हुन बाँकी
- शहरी स्वास्थ्य केन्द्र वार्ड नं ९ खरीढुङ्गा . निर्माण सम्पन्न हुन बाँकी
- शहरी स्वास्थ्य केन्द्र वार्ड नं ७ कुप्री        निर्माण सम्पन्न हुन बाँकी

निर्णय नं . १५ :  प्रस्ताव नं १५ माथि छलफल गर्दा आ .व. ०७५/७६ मा बाह्य खोप केन्द्र शीर्षकमा विनियोजित रकम रु ३,००,०००/ बाट भी. न. पा. ९ को झाक्रेचौरमा बाह्य खोप केन्द्र निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं . १६ :  प्रस्ताव नं १६  माथि छलफल गर्दा बिनियोजन ऐन २०७५/७६ मा किवी तथा अलैची विस्तार कार्यक्रममा विनियोजित बजेट रु ५,०००००/ मध्य रु ४५००००/ किवी खेति वडा नं १,६,७,८र ९ मा तथा रु  ५०,०००/ अलैची विस्तार कार्यक्रम आवस्यकता अनुसारका  वडाहरुमा गर्ने निर्णय गरियो ।

निर्णय नं . १७ :  प्रस्ताव नं १७    माथि छलफल गर्दा यस नगरपालिकाको राजस्व प्रणालीलाई थप प्रभावकारी बनाई राजस्व  संकलन गर्न  प्रत्यक वडामा १ /१ वटा  र नगरपालिका कार्यालयमा १ समेत गरि १० स्थानमा राजस्वको  Software जडान गर्ने र उक्त कार्यको लागि आन्तरीक आयमा  थप आम्दानि शीर्षकबाट रु ५,००,०००/ पाँचलाख खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं . १८ :  प्रस्ताव नं १८ माथि छलफल गर्दा  देहाए बमोजिम गर्ने निर्णय गरियो ।

तपशिल

१८. (क ) ब्यबसायिक कृषि तथा पशुपालन  कार्यक्रममा विनियोजित बजेटमा लक्षित वर्ग कार्यक्रम समेत थप गरी  मिति २०७५/०९/२० गते सम्म वडा कार्यालयबाट कार्यक्रम, व्यक्ति, वर्ग, समूह समेत

पहिचान गरी वडा कार्यालयको सिफारिस सहित नागरपालिका कार्यालयमा पठाउन सबै वडा कार्यलयालाई (वार्ड नं ८ र ९ बाहेक) समय थप गर्ने ।
१८. (ख ) बर्खेडाँडा पारि सामुदायिक वन र सीताकुण्ड सामुदायिक वन उपाभोक्ता समितिलाई उक्त वनमा रहेको सरसफाई केन्द्र ब्यबस्थापन गर्न क्रमस: बर्खे डाडापारि सामुदायिक वनलाई रु १,५०,००००/ ( एकलाख पचास हजार ) उपलब्ध गराउने र सीताकुण्ड सामुदायिक वन उपाभोक्ता समितिलाई न. पा. सगको सहकार्यमा लागत ईस्टिमेट बमोजिम थप आय शिर्षक बाट रु ५,००,०००/ (पाँच लाख ) मा सरसफाई केन्द्र ब्यबस्थापन गर्ने ।
१८ .(ग ) यस नगरपालिका वार्ड नं ७ बस्ने धावाधोर्जे तामांगले बिजुलीकोतार सर्टभई घर पूर्णरुपमा क्षति भएकोले सहयोग पाउ भनि वडा समितिको सिफारिस तथा प्रहरी सर्जमिन सहित दिएको निवेदन समेतका आधारमा निजलाई अस्थायी बसोबास ब्यबस्थापन गर्न रु १०,०००/( दश हजार ) सहयोग उपलब्ध गराउने ।
१८ .(घ) काठमाडौं महानगरपालिका २० बाट भीमसेन भजन मण्डलको समुहले यस नगरपालिका वार्ड नं. २ भीमेश्वर मिति २०७५/०८/०१ गते साँस्कृतिक आदानप्रदान कार्यक्रम संचालन गर्दा भजन मण्डलका सदस्यलाई खाना खाजा वापत लागेको खर्च रु ३७,३५५/ (सैतिस हजार तीनसय पचपन्न ) भीमेश्वर गुठि तथा पुजा ब्यबस्था समितिलाई उपलब्ध गराउने ।
१८ .(ङ) सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन २०७४, प्रथम संसोधन ऐन २०७५ को अनुसूचिमा वार्ड नं ३ स्थित पुरानो बजार हुदै रामेछाप जाने मुलबाटोको पुरानोबज़ार चोकदेखि कृषि बजार—बासझांग सडकसम्मको खण्ड समावेस नभएको हुदा नापी नक्शामा २ मिटरदेखि ३ मिटरसम्म भएको र फिल्डमा ४ मिटर भएको हुदा नगर सभा बाट अनुमोदन हुनेगरी उक्त सडक खण्डको मापदण्ड ४ मिटर कायम गरि साबिकमा निर्माण भई सकेको हकमा घरहरुको हकमा सेटब्याक (फासला) न्यूनतम २ फिट र अब निर्माण हुने घरहरुको हकमा सेटब्याक (फासला) न्यूनतम् ५ फिट कायम गर्ने
१८ .(च) नगरपालिका क्षेत्रका सडक खुलाउने कार्य गर्नुपर्दा ब्याकहो लोडर अपरेटर लाई कार्यालय समय भन्दा बाहेक अतिरिक्त समय काम गरेवापत प्रतिदिन रु ५००/( पाच सय ) का दरले खाना तथा खाजा खर्च दिने ।
१८ .(छ) सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप यस नगरपालिकाको फोहोरमैला ब्यबस्थापन गर्नको लागि प्रस्ताव आव्हान गर्ने ।
१८.(ज) यस नगरपालिका क्षेत्रमा नगर बस संचालन गर्नका लागि सार्वजनिक नीजि साझेदारी अवधारणा अनुसार प्रस्ताव आव्हान गर्ने ।